(प्रथम पटक सुचना प्रकाशन मितिः २०७७।०५।०३ )

**<u>सुचीकृत मूल्यांकनकर्ताहरुलाई सम्झौता नविकरण म्याद थप गर्ने सम्वन्धि सुचना</u>**

यस बैंकबाट लगानी गरिने कर्जाको सुरक्षणको रुपमा लिइने चल अचल सम्पतिको धितो मुल्यांकन कार्यको लागी यस बैंकको केन्द्रीय कार्यालय तथा साविक क्षेत्रीय कार्यालयबाट सुचीकृत भइ धितो मुल्यांकन गर्ने संझौता गरेका र अवधि सकिएका मुल्यांकनकर्ताहरुलाई संझौता नविकरण गर्न तथा मुल्यांकन गर्ने सीमा थप गर्न ३५ दिनको म्याद दिई मिति २०७७|०३|२८ मा सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा अवगत नै छ |

हालको COVID-19 बाट सिर्जित असामान्य परिस्थितिको कारणले गर्दा सुचिकृत मुल्यांकनकर्ताहरुसंगको धितो मुल्यांकन गर्ने सम्बन्धि सम्झौता नविकरण गर्न कठिनाई भएको सम्बन्धमा यस बैकबाट २०७४ पौष मसान्त पछि धितो मुल्यांकन गर्ने सम्बन्धि सम्झौता नविकरण गरेका वा उक्त मिति पछि सुचीकृत भई २ बर्ष अवधि पूरा भएका सुचिकृत मुल्यांकनकर्ताहरुको धितो मुल्यांकन गर्न पाउने अवधि समाप्त भएको भए मिति २०७७|०३|२८ को सार्वजनिक सुचनामा तोकीएको कागजातहरु सहित यस विभाग तथा सम्बन्धित प्रादेशिक कार्यालयमा नविकरण तथा सीमा थपको लागी निवेदन दिने म्याद मिति २०७७ आश्विन मसान्त सम्म थप गरिएको व्यहोरा जानकारीको लागी अनुरोध छ |

<u>साथै २०७४ पौष मसान्त अघि</u> सुचिकृत वा सम्झौता नविकरण गरेका र म्याद सकिएका मुल्यांकनकर्ताहरुले समेत सम्झौता नविकरणको लागी निवेदन गर्न सक्नुहुनेछ | यस्ता मुल्यांकनकर्ताहरुले <u>सम्झौता नविकरण नगरि धितो मुल्यांकन नगर्नु नगराउनु हुन अनुरोध छ</u> |

साथै २०७४ पौष मसान्त पछि मूल्यांकन सम्झौता नविकरण गरि वा सूचीकृत भई २ बर्ष म्याद सकिएका र नविकरण गर्न बांकी रहेका सुचिकृत मूल्यांकनकर्ताहरुले त्यसरी सुचिकृत भएको वा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपी साथै नियमानुसार अध्यावधिक भएको बैंक जमानत (Bank Gurantee) वा खाता रोक्का (Account Hold) गरिएको काजगजातको प्रतिलिपी समेत शाखामा पेश गरि २०७७ असोज मसान्त सम्म मूल्यांकन कार्य गर्न सकिने ब्यहोरा जानकारी गराईन्छ | यसै अनुसार शाखा कार्यालयहरु तथा प्रादेशिक कार्यालयहरुले समेत गर्नु गराउन हुन अनुरोध छ |

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**केन्द्रीय कार्यालय**
**संस्थागत तथा साना मझौला कर्जा विभाग**
**सिंहदरवारप्लाजा, काठमाण्डौं ।**
**सम्पर्क : ०१४२५२५९५– ३७५७**